# नेपाल राजपत्रलाई अद्यावधिक गर्ने र वेभसाईटमार्फत प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०७३

विधायीकाबाट पारित भई राष्ट्रपतिद्वारा प्रमाणीकरण भएको संविधान, ऐन, अध्यादेश, तथा नेपाल सरकारबाट स्वीकृत गरिएका नियम, विनियम एवं नेपाल पक्ष भएका सन्धि सम्झौताहरु तथा सरकारी निर्णय एवं सूचनालाई नेपाल राजपत्रको माध्यमबाट प्रकाशन गरी नागरिकहरुलाई सूचनाको हक सम्बन्धी अधिकारको उपभोग गर्ने वातावरणको प्रत्याभूत गर्दै, वि.सं. २००८ सालदेखि हालसम्म प्रकाशन भएका नेपाल राजपत्रलाई नियमित, र व्यवस्थित रुपमा सर्वसाधारणहरुको बीचमा वेभसाईट मार्फत पुऱ्याउन बाञ्छनीय भएकोले नेपाल सरकार मुद्रण विभागले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-** (१) यस कार्यविधिको नाम "नेपाल राजपत्रलाई अध्यावधिक गर्ने र वेभसाईट मार्फत प्रकाशन गर्ने सम्बन्धी कार्यविधि, (पहिलो संशोधन) २०७३" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :-** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) "विभाग" भन्नाले नेपाल सरकारको मुद्रण विभागलाई सम्झनु पर्दछ ।

ख) "वेभसाईट" भन्नाले मुद्रण विभागको वेभसाईट www.dop.gov.np सम्झनु पर्दछ ।

ग) "अध्यावधिक गर्ने कार्य" भन्नाले विभागको वेभसाईटमा प्रकाशन गरिने नेपाल राजपत्रलाई विद्युतीय स्वरुपमा तयार गरी वेभसाईटमा समावेश गर्ने कार्य सम्झनु पर्छ र सो शब्दले त्यसरी समावेश गर्नु अगाडि गरिने प्रुफरिडिङ लगायत सम्पादन गर्ने कार्य समेतलाई जनाउनेछ ।

३. **नेपाल राजपत्रको विद्युतीय प्रति प्रकाशन गर्ने :-** (१) नेपाल राजपत्रमा प्रकाशन गरिएका संविधान, ऐन, अध्यादेश, तथा नेपाल सरकारबाट स्वीकृत गरिएका नियम, विनियम एवं नेपाल पक्ष भएका सन्धि सम्झौताहरु तथा सरकारी निर्णय एवं सूचनालाई विभागले प्रचलित कानुनको अधिनमा रही नेपाल राजपत्रको विद्युतीयप्रति मार्फत प्रकाशन गर्न सक्नेछ ।

२) विभागबाट प्रकाशन हुने नेपाल राजपत्रमा निम्न भागहरु रहने छन् र तत् भागमा निम्नानुसारका बिषयहरु प्रकाशित हुने छन् : -

क) भाग १ - संविधान वा राष्ट्र प्रमुखको सन्देश, घोषणा पत्रहरुको प्रकाशन ।

ख) भाग २ - व्यवस्थापिका संसदबाट पारित भै राष्ट्रपतिबाट प्रमाणीकरण गरिएका ऐन तथा अध्यादेशहरु ।

ग) भाग ३ - मन्त्रिपरिषदबाट पारित नियमावली तथा नेपाल सरकारले जारी गरेका आदेशहरु ।

घ) भाग ४ - संविधान अर्न्तगतका नियुक्ति तथा सूचनाहरु ।

ङ) भाग ५ - ऐन नियम वा आदेश अन्तर्गत वा नेपाल सरकारको निर्णय बमोजिम राजपत्रमा प्रकाशन गर्नु पर्ने भनि उल्लेख भएका सूचनाहरु ।

च) भाग ६ - नेपाल पक्ष भएका सन्धि तथा सम्झौताहरु ।

४. **नेपाल राजपत्रको विद्युतीय अभिलेखिकरणको व्यवस्थापन :-** (१) नेपाल राजपत्रको विद्युतीय अभिलेखिकरणको कार्य विभागको राजपत्र अभिलेख शाखाबाट हुनेछ ।

२) राजपत्र सम्पादन शाखाबाट प्रिन्टिङको लागि छपाई सामग्री पेश भए पश्चात उक्त सामग्रीको विद्युतीयप्रति सो शाखाले अभिलेख शाखामा उपलव्ध गराउनु पर्ने छ ।

५. **आधिकारिकता प्रमाणित :-** (१) विभागले विद्युतीय प्रकाशन (वेभसाईट) मार्फत प्रकाशन गरेको कागजातहरुको डाउनलोड गरी प्रिन्टिङ गरेको प्रतिले कानुनी मान्यता प्राप्त गर्ने छैन ।

२) नेपाल राजपत्रको आधिकारीकता प्रमाणित गर्ने सर्वाधिकार विभागमा रहने छ । यस्तो आधिकारीकता प्रमाणितको लागि विभागको सम्पादन शाखा र अभिलेख शाखाको कम्तिमा रा.प. तृतीय श्रेणीको कर्मचारीलाई तोक्न सकिने छ ।

६. **नेपाल राजपत्रहरुलाई वेभसाइटमा राखीने :-** विभागले नेपाल राजपत्रहरुको प्रकाशन पश्चात सबै वा आंशिक राजपत्रहरु काबु बाहिरको परिस्थितिमा बाहेक राजपत्र प्रकाशन भएको २४ घण्टा भित्रमा website मा राखिने छ ।

७. **नेपाल राजपत्रहरुको वेभसाईटमा प्रकाशन (अपलोड) गर्ने सम्बन्धी व्यवस्था :-** कुनै पनि नेपाल राजपत्र विभागको महानिर्देशक वा निजले तोकेको अधिकृतको स्वीकृती पश्चात मात्र वेभसाईटमा अपलोड वा प्रकाशन गरिने छ ।

८. **पानी छाप (वाटर मार्क) राखिने :-** विभागले वेभसाइट मार्फत प्रकाशन गर्ने नेपाल राजपत्रमा विभागको नाम उल्लेख भएको पानी छाप (वाटर मार्क) प्रयोग गरिने छ ।

९. **वेभसाईट व्यवस्थापन समिति :-** (१) नेपाल राजपत्रलाई वेभसाईटमा अपलोड गर्ने कार्यलाई व्यवस्थित, अध्यावधिक र दुरुस्त बनाइ राख्ने प्रयोजनको लागि विभागले एउटा वेभसाईट व्यवस्थापन तथा अनुगमन समिति गठन गर्न सक्ने छ ।

२) उपदफा (१) बमोजिम गठित समितिले वेभसाईटमा रहेका सामग्रीहरुलाई व्यवस्थित गरी उक्त सामग्रीहरुलाई अध्यावधिक र त्रुटि रहित बनाउने सम्बन्धमा आवश्यक सुझाव सल्लाह र समन्वयको कार्य गर्ने छ ।

१०. **प्रकाशन सम्बन्धमा विभागले निर्णय गर्न सक्ने :-** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विभागबाट छापिने र प्रकाशन हुने अन्य कुनै दस्तावेज वा सामग्रीहरुलाई वेभसाईटमा प्रकाशन गर्न उपयुक्त छ भन्ने लागेमा विभागले आवश्यक निर्णय गरी त्यस्तो दस्तावेज वा सामग्रीहरु वेभसाईटमा प्रकाशन गर्न सक्ने छ ।

११. **बचाउ :-** यस कार्यविधिमा लेखिए जति कुरामा सोही बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुने छ ।